हाम्रो प्रजाशक्ति

गान्तोक, वर्ष १८, अङ्क १५७, ०९ अगस्त, २०१७

विक्रम संवत् २०७४, साउन २५ गते, बुधवार


# जीएसटी र 'कन्फ्यूज्ड' जनसाधारण

केन्द्रको भारतीय जनता पार्टी (भाजपा)– सरकारले निर्धारण गरेको वस्तु तथा सेवा कर (जीएसटी)– धेरैका लागि 'कागलाई बेल पाकेर हर्ष न विस्मात'– भने झैं भएको छ। जीएसटी–सँग देशका सम्पूर्ण सर्वसाधारण 'कन्फ्यूज्ड' छन्। सबैको मुखमा 'इन्कम ट्याक्स'– भन्ने बानी परिसकेका बेला जीएसटी कहाँबाट आयो? भन्ने कौतुहलतापूर्ण प्रश्न धैरैको मनमा बसेको छ। धैरै जसोलाई त झन् जीएसटी–को अर्थ नै थाहा छैन्। सरकारले भनिरहेको छ जीएसटी–ले सर्वसाधारणलाई फाइदा छ तर जीएसटी–ले कसरी, कहिले, कहाँ, किन र के कारणले फाइदा छ भनेर स्पष्टसँग बुझाउने विशेषज्ञ नै भटिएको छैन। जनसाधारणका लागि निकै गाँजे–माजे भएर कार्यान्वयन भइरहेको जीएसटी–ले गर्दा दैनिक आवश्यकीय सामग्रीहरूको मूल्य सस्तो भयो कि महँगो भयो? भन्नेबारेमा पनि ठूलै मान्छेहरू पनि 'कन्फ्यूज्ड' देखिन्छन्। सर्वसाधारणलाई स्पष्टसँग बुझाउन सक्ने मान्छेकै अभाव देखिन्छ। जीएसटी–लाई लिएर ब्याङ्क, लेखा तथा सांख्यकी विभागसित संलग्न व्यक्तिहरू पनि स्पष्टसँग भन्न सक्ने अवस्थामा छैनन् कि जीएसटी लागु भएर तृणमूलस्तरका मानिसहरूले के फाइदा पाइरहेका छन्?

महँगाईको मारमा जाकिएको छ सर्वसाधारण। वस्तुहरूको मूल्य घटने होइन दिनै पिच्छे र वर्षै पिच्छे बढ्दै गइरहेको छ। विगतको सरकारमा जुन हिसाबले महँगाई बढ्ने गर्थ्यो त्यही हिसाबले अहिले पनि महँगाई बढ्रिहेको छ। जति–जति महँगाई बढ्यो त्यति त्यति नै ठूलो करको मारमा पिसिने गर्छन् सर्वसाधारण जनता। विगतका दिनहरूमा पाँच सय रुपियाँ पर्ने जुताको दाम अहिले हजार रुपियाँ पर्न सक्छ भने सर्वसाधारणले हजार रुपियाँको जुता किनेको खण्डमा पाँच सयको जीएसटी नभए हजार रुपियाँका लागि निर्धारित प्रतिशतको जीएसटी नै तिर्नुपर्ने हुन्छ। यसो भएपछि जीएसटी–का कारण चिज बीजहरूको दाम सस्तो भयो भन्न सकिन्छ त?

अर्कातिर साधारण हिसाबले हेर्दा तृणमूल स्तरका मानिसहरू सर–सामानहरू खरिद गर्न साधारण पसलहरू तिर नै जाने गर्छन्। सँधै झैं त्यहाँ मोल तोल तल –माथि भई नै रहन्छ। यसरी खुल्ला पसलको व्यापारीले जीएसटी शुरू हुन भन्दा अघि जुन हिसाबले सर–सामग्रीहरूको दर भाउ लगाउने गर्थ्यो, जीएसटी लागु भए पछि त्यसलाई अझ धैरै गुणा बढाएर दर भाउ लगाउने गर्छ। चाहे उसले जीएसटी तिरेको होस या नहोस तर उसले जीएसटी तिरेको जिद्दी गर्छ र अशिक्षित जनसाधारणबाट अधिक मूल्य लिन पछि पर्दैन, लिएर छोड्छ गतिलो मूल्य। बजारमा यो दैनिक रूपमा घट्ने घटना नै हो जसबाट अनविज्ञ र अशिक्षित मात्र नभएर शिक्षितहरू पनि ठगिने गर्छन्।

बार्गेनिक हुनसक्ने सामग्री वा बार्गेनिङ गर्न सकिने सामग्रीहरूको जीएसटी कुन हिसाब र कति प्रतिशतले तिर्नु?? यहाँ ठूलो प्रश्नचिन्ह खड़ा हुन्छ। मानी लियौं, हामी कुनै पनि एउटा जुत्ता पसलमा गयौं। त्यहाँ हामीले मन परेको जुत्ता रोज्यौं र दाम सोध्यौं। व्यापारीले हामीलाई जुत्ताको दाम बाह्र सय बतायो, हामीले धैरै दाम भयो भनेर बार्गेनिङ गर्यौं। बार्गेनिङमा हामीले सात सयमा त्यो जुत्ता मिलायौं र दाम दियौं। तर हामी जस्तै अर्को ग्राहक पनि हुनसक्छ जसले त्यही जुत्ताको दाम कम बार्गेनिङ गरेर एक हजार रूपियाँ पनि दिनसक्छ अथवा अझ बार्गेनिङ गरेर पाँच सय रूपियाँमा पनि मिलाउन सक्छ।

यसरी बार्गेनिङ गरिने सामग्रीहरूमा ग्राहकै पिच्छेको बोली र मूल्य तोकिने भएकाले यस्ता सामग्रीहरूमा जीएसटी कुन हिसाबले अनि कति प्रतिशतले तिर्नु? यस्ता सामग्रीहरू ल्याउँदा ती व्यापारीले कुन हिसाबको जीएसटी तिरेका हुन्छन्? यसको खोजी र लेखाजोखा कसरी र कसले गर्ने? यी तमाम कुराहरूमा जनसाधारण 'कन्फ्यूज्ड' देखिएका छन्। यसर्थ जीएसटी–लाई अर्थ न बर्थ गोविन्द गाई–मा नराखेर जनसाधाणमा रहेको 'कन्फ्यूज्ड माइण्ड' लाई 'क्लियर' गर्न नितान्त आवश्यक देखिएको छ।

# कांग्रेसमुक्त भारतको परिकल्पनामा कांग्रेसमुक्त नयाँ दिल्ली



❐ किरण छेत्री

देशका राष्ट्रपति–भारतीय जनता पार्टीका रामनाथ कोविन्द। देशका उपराष्ट्रपति– भारतीय जनता पार्टीका वेंकैया नायडू। भारतको १८ वटा राज्यहरूमा भारतीय जनता पार्टीको सरकार।

यो कांग्रेसमुक्त भारतको अर्धस्वरूप होइन र?

सन् २०१४–मा प्रचण्ड बहुमत प्राप्त गरेर प्रधानमन्त्री बनेका नरेन्द्र मोदीले कांग्रेसमुक्त भारतको प्रचार–प्रसार शुरू गरेका थिए। भारतीय जनता पार्टीले यो अभियानलाई द्रूतगतिमा अघि बढ़ाउनु बूथ स्तरसम्म आफ्नो कार्यक्रलम शुरू गऱ्यो। कांग्रेसमुक्त भारत एउटा गतिलो नारा बन्दै गयो अनि मानिसहरू यससँग जोड़िँदै गए। कांग्रेसमुक्त भारतकै नाराद्वारा यूपी जस्तो ठूलो राज्य पनि भारतीय जनता पार्टीको झोलामा पर्न गयो भने पन्ध्र वर्ष अघिदेखि सत्तामा रहेको आसाममा पनि कांग्रेसमुक्त भारतको गतिलो असर पर्न गयो। फलतः आसाममा पनि कमल फूल्यो। यसरी एकपछि अर्को गर्दै भारतीय राज्यहरू बीजेपी राज्य बन्दै गए।

प्रधानमन्त्री नरेन्द्र मोदीको कांग्रेसमुक्त भारत यतिसम्म प्रभावशाली बन्न गयो कि बिहार जस्तो एन्टी बीजेपी सोच भएको राज्य पनि आज बीजेपीकै हातमा आयो भन्न सुहाउँछ। राजनीतिका खप्पिस खेलाड़ी बिहारका मुख्यमन्त्री नीतिश कुमारले पनि कांग्रेसमुक्त भारतको संकेत पाइसकेका थिए। यसै कारण रातारात जेडीयी–आरजेडी–कांग्रेसको महागठबन्धनलाई त्यागेर एनडीएमा सामेल भए। मुख्यमन्त्री नीतिश कुमार एनडीएको दैलोभित्र पस्नु भनेको भारतीय राजनीतिमा एउटा महत्त्वपूर्ण घटना हो। नीतिशको यो आकस्मिक यू–टर्नले विपक्षी एकताको कम्मर भाँचिए झैं भयो भने बीजेपी भारतीय राजनीतिमा अझ सशक्त बन्न गयो। बीजेपीको यो अति विशाल सफलताको मूल मन्त्र अरू केही होइन तर नरेन्द्र मोदीको कांग्रेसमुक्त भारतको आह्वानको परिणाम हो।

भारतको १४ औं राष्ट्रपति पनि बीजेपीले हात पाऱ्यो। यो ऐतिहासिक जीत हासिल गरे पश्चात् बीजेपीको राजनैतिक व्यक्तित्वमा थप आकर्षण पैदा भएको छ। भारतीय राष्ट्रपतिको इतिहासमा हिजोसम्म कांग्रेसले मात्र आफ्नो पार्टीको नेतालाई राष्ट्रपति बनाउँदै आएको थियो। तर देशको १४ औं राष्ट्रपति बनाउने गौरव कांग्रेसको हातबाट खुस्किएर बीजेपीको हातमा पर्न गयो। भारतीय राजनैतिक इतिहासमा प्रथम पटक बीजेपी आफ्नो नेतालाई राष्ट्रपति बनाउन सफल बन्यो। यो ऐतिहासिक सफलताको श्रेय पनि प्रधानमन्त्री नरेन्द्र मोदीलाई जाँदछ। उनको कांग्रेसमुक्त भारतको परिकल्पनाको एउटा जीवन्त उदाहरण हो यो। वर्षौंदेखि कांग्रेस पार्टीको एकाधिकारलाई तोड्ने शक्ति र हिम्मत केवल बीजेपीसँग थियो अनि त्यो शक्ति र हिम्मतमा मूल श्रोत थिए नरेन्द्र मोदी। प्रधानमन्त्री नरेन्द्र मोदीको अदम्य साहस र राजनैतिक कौशलताको फल आज बीजेपीले भकाभक टिप्न पाउँदैछ।

देशको राजनीतिमा आज बीजेपी पार्टी वा केन्द्र सरकार दुवै क्षेत्रमा सफल बनेको छ। पार्टीको कमल एकपछि अर्को प्रदेशमा फुल्न सकेको छ भने केन्द्रमा एउटा सशक्त अनि जिम्मेवार सरकार चलाउन बीजेपी उत्तीर्ण भएको छ। केन्द्रमा बीजेपी सरकार आएपछि देशले उन्नति नै गरेको छ भन्नमा दुई मत हुँदैन। राज्यहरूको विकासमा भनौं वा देशको नीति निर्धारण गर्नमा बीजेपीले मानो महारथ नै हासिल गरेको छ। दिल्लीको गद्दी सम्हाल्न साथै प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा व्यापक रूपमा रहिआएको भ्रष्टाचार निर्मूल गर्ने अनेक विधि–विधानहरू बनाए। कांग्रेसमुक्त भारत मात्र होइन तर भ्रष्टाचारमुक्त भारत बनाउने दिशामा मोदीले रात–दिन एक बनाए। 'न खाउंगा, न खाने दूंगा' जस्ता कुराहरू आफ्नो भाषणमा र अन्य सभाहरूमा सुनाएर उनले भ्रष्ट नेताहरूको सातोपुत्लो उड़ाए। यो कदमले गर्दा भारतीय प्रशासनिक सेवाहरूमा अनेक सुधार आयो। भ्रष्ट अधिकारीहरू भकाभक जेल जान थाले। सरकारी कार्यालयहरूमा अनुशासन कायम हुन थाल्यो। घरै बसेर वा अन्य निजी काम गर्ने सरकारी अधिकारी र बाबुहरू अफिस जान थाले। भ्रष्टाचारमा लगाम लाग्न थाल्यो। देशको आर्थिज्ञक नीतिहरूमा सकारात्मक परिवर्तनहरू देखा पर्न थाल्यो। देश विकासको बाटोमा अग्रसर बन्यो।

कांग्रेस सरकारको पालोमा भारतको विदेश नीति अलपत्र थियो। कुन देशसँग कस्तो नीति निर्धाक्षरण गर्ने भन्ने अड़ानसम्म थिएन। फलस्वरूप भारतको विदेश नीति के हो विश्वले बुझ्न सकेको थिएन। तर आज देशको परराष्ट्र नीति सङ्ङ्लो पानी झै पारदर्शी छ। विश्वका शक्तिशाली मुलूकहरू जस्तै अमेरिका, रूस, जापान, अस्ट्रेलिया, इजरायल, क्यानाडा, स्पेन जस्ता समृद्धशाली देशहरू भारतको मित्रशक्ति बन्न गएको छ। भारतसँग नकारात्मक सम्बन्ध राख्ने केवल दुईवटा देशहरू छन्, ती हुन्– चीन र पाकिस्तान।

प्रधानमन्त्री नरेन्द्र मोदीको कांग्रेसमुक्त भारत निकट भविष्यमा अझ प्रभावी बन्ने संकेत स्पष्ट छ। कांग्रेसको एक–एकवटा किल्लाहरू ध्वस्त बन्दै जाँदैछ। कांग्रेस शासित प्रदेशहरूको संख्या घटेर ५–६ मा पुगिसक्यो। आजकलका समाचार पत्रहरूमा प्रायः जसो कांग्रेसी नेताहरूले पार्टी छोड़ेको खबर आउँछ। कांग्रेसभित्र नै धमासान गृहयुद्ध छ। पुराना वरिष्ठ नेताहरूको कदर छैन। पार्टीको सांगठनिक क्रियाकलापहरूमा उपाध्यक्ष राहुल गान्धीको मुख्य भूमिका छ तर राहुल गान्धीलाई विभिन्न प्रदेशहरूको बेग्ला–बेग्लै किसिमको राजनैतिक धरातलबारे ज्ञान पटक्कै छैन। राहुल गान्धीले जहाँ पनि कांग्रेसको प्रचार–प्रसार गर्छन्– त्यहाँ पार्टीको हार हुन्छ। यो तीतो सत्यको अनुभव पार्टीका वरिष्ठ नेताहरूले अघिबाटै गरिसकेका छन्। तर कांग्रेसमा बसेर राहुल गान्धीको विरोध कसले गर्ने? राहुल गान्धीले गरेका भूतहरू कसले औल्याउने? राहुल गान्धीलाई राजनीतिको साँचो बाटो कसले देखाउने? बस यही कारण कांग्रेस अघि बढ्न सक्दैन। यसले बीजेपीको कांग्रेसमुक्त भारतको परिकल्पनालाई साकार रूप दिँदै आएको छ।

देशको राष्ट्रपति जस्तो सर्वोच्च पद हत्याइसकेको बीजेपी आज उप–राष्ट्रपति पनि आफ्नै पार्टीको नेतालाई बनाउन सफल बनेको छ। एनडीएले आफ्नो उम्मेदवारको रूपमा केन्द्रिय शहरी विकास मन्त्री वेंकैया नायडूलाई उपराष्ट्रपति पदको निम्ति मैदानमा उतारेको थियो भने यूपीएले गोलापकृष्ण गान्धीलाई खड़ा गरेको थियो। तर आजको राजनीति बीजेपीको मुट्ठीमा छ। आजको सफलताहरू पनि सबै बीजेपीकै झोलामा पर्ने गरेको छ।

नयाँ दिल्लीमा अब बीजेपीका राष्ट्रपति छन् भने उपराष्ट्रपति पनि बीजेपीकै छन्। यसरी आज भारतीय राजनीतिमा ऐतिहासिक परिवर्तन देखिएको छ। बीजेपीले कुनै ठूलो कसरत नगरिकन रामनाथ कोविन्दलाई राष्ट्रपति अनि वेंकैया नायडूलाई उपराष्ट्रपति निर्वाचित गराउन सफलता हासिल गरेको छ।

भारतीय जनता पार्टीको यो अपार सफलतालाई भारतीय राजनैतिक जानकारहरूले नरेन्द्र मोदीको चमत्कार मानिलिएका छन्। नरेन्द्र मोदीको राजनैतिक युद्ध कला अनि दूरदर्शिताकै कारण आज बीजेपीको कमल हिमालदेखि लिएर मरूभूमिसम्ममा फूल्न सफल बनेको छ।

आफ्नै पार्टीको उम्मेदवारहरूलाई देशको राष्ट्रपति र उपराष्ट्रपति बनाउन सफल बनेको बीजेपीले कांग्रेसमुक्त दिल्ली बनाउन अवश्य सफल बनेको छ।

कांग्रेस शासित प्रदेशहरूको संख्या घटेर ५–६ मा पुगिसक्यो। आजकलका समाचार पत्रहरूमा प्रायः जसो कांग्रेसी नेताहरूले पार्टी छोड़ेको खबर आउँछ। कांग्रेसभित्र नै धमासान गृहयुद्ध छ। पुराना वरिष्ठ नेताहरूको कदर छैन। पार्टीको सांगठनिक क्रियाकलापहरूमा उपाध्यक्ष राहुल गान्धीको मुख्य भूमिका छ तर राहुल गान्धीलाई विभिन्न प्रदेशहरूको बेग्ला–बेग्लै किसिमको राजनैतिक धरातलबारे ज्ञान पटक्कै छैन। राहुल गान्धीले जहाँ पनि कांग्रेसको प्रचार–प्रसार गर्छन्– त्यहाँ पार्टीको हार हुन्छ।

# अमेरिकाको रूस र चीन रणनीति

केशवप्रसाद भट्टराई

गत जुलाईमा अमेरिका, जापान र भारतसँग बंगालको खाडीमा हालसम्मकै सबैभन्दा ठूलो मालाबार सैन्य अभ्यासमा संलग्न थियो। हिन्द महासागर र पश्चिम प्रशान्त सागर क्षेत्रमा चीनको आणविक शक्तिचालित तथा आणविक हतियारसहितका पनडुब्बी जहाजहरूको गतिविधिमा वृद्धि भइरहेको सन्दर्भमा उक्त अभ्यास मूलतः चीनविरुद्ध लक्षित भएको अन्तर्राष्ट्रिय र भारतीय समाचार माध्यमहरूले उल्लेख गरेका थिए। एउटा भारतीय स्रोतलाई उल्लेख गर्दै अमेरिकी पत्रिका बिजनेस इनसाइडरले लेखेअनुसार आगामी वर्षदेखि अस्ट्रेलिया पनि मालाबार अभ्यासमा संलग्न हुनेछ।

१२ जुलाईमा अस्ट्रेलिया, न्युजिल्यान्ड, क्यानाडा र जापानसँग अमेरिका त्यस्तै इतिहासको सबैभन्दा ठूलो सैन्य अभ्यासमा संलग्न थियो। उक्त अभ्यासलाई क्षेत्रका आफ्ना सैन्य गठबन्धनका सदस्य राष्ट्रहरू, मित्रहरू र प्रतिद्वन्द्वीहरूलाई एकैसाथ सन्देश दिने उद्देश्यले आयोजना गरिएको अमेरिकी सैन्य अधिकारीहरूले बताएका थिए। ३३ हजार सैनिक, ३६ युद्धपोत, २२० लडाकु विमान र विमानवाहक पोतसहितको 'ट्यालिसम्यान सेबर' भनिने उक्त सैन्य अभ्यास चलिरहँदा नजिकैबाट एउटा चिनियाँ जासुसी जहाजले अनुगमन गरिरहेको थियो। दुवै अभ्यास मूलतः चीनलक्षित थिए। उक्त दुवै अभ्यास भइरहँदा चीन र भारतबीच डोक्लाम विवाद चर्किरहेको थियो।

हार्बर्ड प्रोफेसर ग्राहम एल्लिसोनलगायतका अमेरिकी राजनीतिशास्त्रीहरूले ऐतिहासिक सन्दर्भहरूसमेतको गहन अध्ययनको आधारमा क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको चरित्रमा आइरहेको परिवर्तनले गर्दा चीन र अमेरिकाबीच युद्ध अवश्यम्भावी भएको बताइरहेका छन्। यसै सन्दर्भमा अमेरिकाको प्यासिफिक जलसेनाका प्रमुख एडमिरल स्कट स्विफ्टले जुलाई २७ मा अस्ट्रेलियन नेसनल युनिभर्सिटीको कार्यक्रममा सोधिएको एउटा प्रश्नको उत्तरमा राष्ट्रपति डोनाल्ड ट्रम्पले आदेश दिएमा अर्को साता नै आफूले चीनविरुद्ध आणविक आक्रमण गर्ने बताएकोबारे एसोसिएटेड प्रेसले उल्लेख गऱ्यो।

सबै अन्तर्राष्ट्रिय समाचारमाध्यमहरूसहित भारतीय पत्रपत्रिकाले त्यसलाई प्रमुखताका साथ छापे। यूएसए टुडेले सोही मितिमा जानकारी दिएअनुसार अमेरिकाको प्रशान्त बेडा भनेको दुई सय जहाज, एक हजार एक सय हवाईजहाज र एक लाख ३० हजार सैनिक, नाविक र कर्मचारीहरूको सैन्य संरचना हो।

एडमिरल स्विफ्टको उक्त कथन उत्तरकोरियाले अमेरिकी मुख्य भूमिलाई नै लक्ष गरेर प्रहार गर्न सकिने अन्तरमहाद्विपीय क्षेप्यास्त्र परीक्षण गरेको समाचार आइरहेकै बेलामा आएको थियो। जुलाईको आरम्भमा अमेरिकी राष्ट्रपति ट्रम्पले उत्तरकोरियाबाट प्रस्तुत आणविक चुनौतीलाई सामना गर्ने सवालमा चीनसँग अमेरिकाले कुनै सहकार्य नगर्ने सम्भावना रहेको बताएका थिए।

राष्ट्रपतिले आदेश दिएमा आफूले चीनविरुद्ध आणविक प्रहार गर्नेबारे एडमिरल स्विफ्टले उल्लेख गरेको सन्दर्भलाई जुलाई २८–मा एसिया टाइम्समा ब्राजिलका विख्यात लेखक तथा पत्रकार पेपे एस्कोबारले के स्मरण गराएका छन् भने स्विफ्टले सेनामाथि नागरिक नियन्त्रणको कुरा गरे पनि संकेत फरक थियो। एस्कोबारअनुसार नागरिक अधिकारीहरूले सेनाका अधिकारीहरूलाई कुनै विषयमा स्पष्ट आदेश दिने गर्दैनन् र कतिपय अवस्थामा सैनिक अधिकारीहरूले आफूखुसी निर्णय गर्ने गरेका छन्।

उत्तरकोरियाको आणविक चुनौती सामना गर्न उत्तरकोरियामाथि नै अमेरिकी आणविक आक्रमणको सम्भावनाबारे कुरा उठिरहेको बेलामा एस्कोबारले ५०–को दशकको कोरिया युद्धमा तत्कालीन सैन्य सूत्रहरूलाई उल्लेख गर्दै लेखेअनुसार कोरिया युद्धमा अमेरिकी राष्ट्रपति ह्यारी ट्रयुमनले जनरल म्याकर्थरलाई सोभियत वा चिनियाँ सेनाको प्रवेश वा त्यस्तो प्रवेशको घोषणा नभएको र अमेरिकी सैन्य कारबाहीविरुद्ध हस्तक्षेप गर्ने सम्बन्धमा सोभियत संघ र चीनले चेतावनी नदिएको अवस्थामा मात्र उत्तरकोरियाको सीमाभित्र प्रवेश गरेर आक्रमण गर्न लिखित आदेश दिएका थिए। तर रक्षामन्त्री जर्ज मार्सलले भने आवश्यकताअनुसार रणनीतिक र कार्यनीतिक दुवै आधारमा जनरल म्याकर्थरलाई उत्तरकोरियामा प्रवेश गरेर सैन्य कारबाही गर्ने निर्देशन दिएका थिए। हेनरी किसिन्जरले पनि आफ्नो डिप्लोमेसी नामक पुस्तकमा म्याकार्थरले आफ्ना सिनियरहरूको आदेश र परामर्शविपरीत कोरिया युद्ध क्षेत्रलाई विस्तार गरेको लेखेका छन्।

म्याकर्थरलाई युद्धमा चिनियाँ सैन्य संलग्नताको अपेक्षा थिएन। तर १९ अक्टोबर १९५०–मा अमेरिकी सेनाले उत्तरकोरियाको राजधानी प्योङयाङ नियन्त्रण गरेकै दिन चिनियाँ जनस्वयंसेवक सेनाको नाउँमा अढाइ लाख चिनियाँ सैनिक उत्तरकोरियामा प्रवेश गरे।

युद्धमा उत्तरकोरियाको उद्योगधन्दा सबै ध्वस्त भयो, २० लाख जनता मारिए, तर पनि युद्ध चलिरह्यो। त्यस्तो अप्रत्यासित स्थितिमा म्याकर्थरसँग कुनै सैन्य रणनीति भएन। त्यसैले म्याकर्थरले आणविक हतियार प्रयोग गर्न आदेश मागे। विदेशमन्त्री डिन आचेसन र सहायक विदेशमन्त्री एभरल ह्यारिम्यान उत्तरकोरियामाथि आणविक आक्रमणको पक्षमा थिए तर दोस्रो विश्वयुद्धका विख्यात सेनाध्यक्ष तथा रक्षामन्त्री जर्ज मार्सल र अमेरिकी सेनाका अत्यन्त सम्मानित सेनानायक र पहिलो संयुक्त सेनाध्यक्ष जनरल ओमर ब्राड्ली त्यस्तो आक्रमणविरुद्ध भएकाले सो युद्धमा आणविक हतियार प्रयोग भएन।

सन् १९५२–१९५३ को उक्त युद्धको मानवीय त्रासदी उत्तरकोरियाको मानसिकताबाट हराएको छैन र उनीहरूको एकपछि अर्को क्षेप्यास्त्र परीक्षण र आणविक चेतावनीसँग विगतको त्यो युद्धको विभीषिका जोडिएको छ। आज पनि चीन र उत्तरकोरिया दुई घनिष्ट छिमेकी हुन्।

**अमेरिका र रूस सम्बन्धमा समस्याको चुरो**

किसिन्जरका अनुसार 'एक दशकअघिको तुलनामा आज अमेरिकाको रूससँगको सम्बन्ध धेरै खराब छ।' त्यही अवस्था चीनसँगको सम्बन्धमा छ। यो वर्षको आरम्भमा विश्व आर्थिक मञ्चको सत्चालीसौं बैठकको अन्तिम सत्रलाई सम्बोधन गर्दै किसिन्जरले रूसकै कारण एसिया र युरोपका विभिन्न मुलुकले प्रस्तुत गरेका चुनौतीविरुद्ध विश्व इतिहासमा पटकपटक सन्तुलन स्थापना भएको बताएका थिए। विश्वको सबैभन्दा ठूलो प्राकृतिक साधन र स्रोतको भण्डार रहेको रूस आणविक हतियारमा पनि सबैभन्दा ठूलो भण्डारको स्वामी राष्ट्र हो। त्यति अत्याधुनिक नहोलान्, तर सैन्य सामग्री तथा हातहतियार उत्पादनका अति विशाल संरचनाहरू पनि उससँग छ।

थप के स्मरणीय छ भने २००७ देखि २००९ सम्म हेनरी किसिन्जर र पूर्व रूसी विदेश तथा प्रधानमन्त्री एभगेनी प्रिमाकोभले दुवै मुलुकका पूर्व मन्त्रीहरू, सेवानिवृत्त पूर्व निजामती र सैनिक उच्चाधिकारीहरूको एउटा समूहको अध्यक्षता गरेका थिए। दुई मुलुकबीचका विवाद र प्रतिद्वन्द्विताका क्षेत्रहरूलाई क्रमशः घटाउँदै सहयोगात्मक संरचनाहरू विकास गरेर सम्बन्ध गाढा बनाउने उद्देश्यले विभिन्न चरणमा वार्ता र छलफलहरू भएका थिए। अमेरिकामा त्यसलाई ट्र्याक टु ग्रुप भनिन्थ्यो र दुवै दल सम्बद्ध व्यक्तिहरू त्यसमा सामेल थिए। उक्त समूहको बैठक पालैपालो अमेरिका र रूसमा हुने गरेको थियो। अमेरिकी राष्ट्रपति जर्ज बुस, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र दिमित्री मेद्वेदेभहरूबाट त्यो प्रयासले स्वागत र समर्थन पाएको थियो। अमेरिकी राष्ट्रपति बुसले त ह्वाइटहाउसको क्याबिनेट रूममा आफ्ना समस्त राष्ट्रिय सुरक्षा सल्लाहकारसँग किसिन्जर–प्रिमाकोभ नेतृत्वको टोलीसँग भेटघाट र वार्ता गराएका थिए।

तर बाराक ओबामा राष्ट्रपति र हिलारी क्लिन्टन विदेशमन्त्री भएपछि रूससँगको सम्बन्धमा तनाव बढ्दै गयो। उता क्षेत्रमा चीनको रणनीतिक प्रभावमा कमी ल्याउने उद्देश्यले ओबामाले प्रशान्त धुरी रणनीति घोषणा गरे, जसअन्तर्गत प्यासिफिक महासागर क्षेत्रमा अमेरिकी सैन्य शक्तिको तैनाथीमा वृद्धि गर्ने रणनीति अवलम्बन गरियो। अर्कोतिर आर्थिक रणनीतिको रूपमा ट्रान्स–प्यासिफिक पार्टनरसिप पनि अवलम्बन गरियो।

हेनरी किसिन्जरको गएको फेब्रुअरीमा नेसनल इन्ट्रेस्टमा प्रकाशित लेखमा रूस–अमेरिका सम्बन्धमा तनाव न्यूनीकरणले गम्भीर अन्तर्राष्ट्रिय चुनौतीहरू सामना गर्नमा महत्वपूर्ण उपलब्धि हासिल हुनेमा शंका नभएको उल्लेख गरेका छन्।

सोभियत संघको विघटनको मूल कारण उसको आर्थिक, सामाजिक र राजनीतिक प्रणालीमा रहेका केही डरलाग्दा चारित्रिक र संस्थागत अभाव थिए। तर ती अभावहरूका कारण विघटित सोभियत संघलाई अमेरिकाले आफूले पराजित गरेको सुखानुभूति गरिरह्यो। रूसको त्यस्तो अवस्थालाई अत्यधिक शोषण र दोहन गरेर आफ्नो लागि राजनीतिक र रणनीतिक लाभ प्राप्त गर्ने नीति अमेरिकाले अख्तियार गरिरह्यो।

किसिन्जरका अनुसार इतिहासलाई बुझ्ने रूस र अमेरिकाको दृष्टिकोणमा आधारभूत भिन्नता रहेको छ। अमेरिकाले शीतयुद्धको समाप्तिलाई विधिद्वारा निर्धारित अन्तर्राष्ट्रिय व्यवस्था र प्रजातन्त्रको विजयको रूपमा बुझ्यो। तर रूसको ऐतिहासिक अनुभव जटिल रूपमा फरक रहेको छ। शताब्दीयौंसम्म पूर्व र पश्चिम दुवैतिरबाट बारम्बार आक्रमण बेहोरेको रूसका लागि सुरक्षाका कठिन भूराजनीतिक तथा वैधानिक अर्थ र आयामहरू छन्। टड्कारो सत्य के रह्यो भने शीतयुद्धको समाप्तिले रूसको सुरक्षा सीमा मध्ययुरोपको एल्ब नदीबाट झण्डै दुई हजार किलोमिटर मस्कोनिकट हुत्याइदियो।

युरोपका अन्य प्रमुख राष्ट्रहरूसरहको लामो गौरवशाली इतिहास छ। सुदूरपूर्वी एसियादेखि मात्रै नभएर क्यानाडा र अमेरिकाको अलास्काको छेउदेखि मध्यपूर्व हुँदै युरोपसम्म ११ टाइम जोनमा फैलिएको आकार छ। त्यतिमात्रै नभएर सैन्य क्षमता, प्राकृतिक साधन र स्रोतको विराट् भण्डारको लाभ पनि छ। यसरी सबै कुराले रूसलाई विश्व व्यवस्थाको केन्द्रीय महत्वको राष्ट्र बनाएको छ।

अर्कोतिर एसियाका १४ मुलुकसँग भू–सीमा र ११ मुलुकहरूसँग जलसीमा जोरिएको चीन भौगोलिक आधारमा मात्र नभएर राजनीतिक, आर्थिक र सैनिक आधारमा पनि विश्वको केन्द्र बन्ने हैसियत निर्माण गरिसकेको छ। चीन र रूस जस्ता शक्तिशाली राष्ट्रहरूको रणनीतिक निकटताले एसिया, युरोप र अफ्रिकामा निर्माण गर्ने राजनीतिक र रणनीतिक असरको तुलना तीनै महादेशबाट हजारौं किमि टाढा रहेको अमेरिकाले निर्माण गर्ने त्यस्तो असरसँग तुलना नै नहुने स्थिति विकास हुँदै गएको देखिन्छ।

**अमेरिका, चीन र रूसको सहकार्यको अपरिहार्यता**

विश्व व्यवस्था भनेको अन्तर्राष्ट्रिय कानुनद्वारा व्यवस्थित राजनीतिक, आर्थिक र सैनिक सवाल मात्र होइन, मुलुकको अन्तर्राष्ट्रिय व्यक्तित्व निर्माण र प्रभाव वृद्धिको कुरा पनि हो। तर रूस र चीनका लागि विश्व व्यवस्था भनेको मुलुकको सुरक्षाको महत्वपूर्ण रणनीतिक सवाल र भूराजनीतिक परिवेशमा आफ्ना बृहत् राष्ट्रिय हितहरूको उन्नत सन्तुलन र समन्वय हो।

आज राष्ट्र र सरकारहरूका अक्षमता र अभावहरूले संसारभर रिक्तता, अस्थिरता र विभाजनहरू निर्माण गरेका छन्। जतिसुकै ठूलो क्षमताका एकाध राष्ट्रहरूले त्यस्तो रिक्तता भर्ने सामर्थ्य राख्दैनन् भन्ने सावित भइसकेको छ। त्यसैले अमेरिकी नेतृत्वको विश्व व्यवस्थाको स्थिरता, सन्तुलन र सफलता चीन र रूसको सहयोगबिना सम्भव छैन। चीन र रूसजस्ता विराट् आकार र क्षमताका मुलुकहरूलाई अमेरिकाले आफ्नो नेतृत्वको विश्व व्यवस्थामा जोडिरहन सकेन भने उनीहरू स्वभावतः वैकल्पिक विश्व व्यवस्थाको निर्माणमा लाग्नेछन्। स्वाभाविक रूपले चीनले त्यही गरिरहेको छ।

क्रमशः